Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ५१ | वि.सं. २०८३ जेठ २० बुधवार | नेपाल संवत्: ११४५, अधिक ज्येष्ठ कृष्ण तृतीया | Wednesday 3 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## कर्णाली सरकारको नीति तथा कार्यक्रम सार्वजनिक हुदै



◣युग संवाददाता
सुर्खेत, १९ जेठ ।

कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति दिएको छ।

मंगलबार बेलुका ६ बजे बसेको मन्त्रीपरिषद् बैठकले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्दै प्रदेश सभामा प्रस्तुत गर्ने निर्णय गरेको हो।

प्रदेश सरकारका प्रवक्ता विनोदकुमार शाहका अनुसार उक्त नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुखबाट बुधबार दिउँसो ३ बजे प्रदेश सभामा प्रस्तुत गरिनेछ। त्यस्तै, बैठकले सशस्त्र सङ्घर्ष, जनआन्दोलन तथा प्रदेश प्राप्तिका लागि भएका विभिन्न आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई

▶ बाँकी ४ पेजमा

## आठ थान बन्दुक बरामद

◣युग संवाददाता
सुर्खेत, १९ जेठ ।

सल्यानमा आठ थान भरुवा बन्दुक बरामद गरिएको छ। बन्गाड कुपिण्डे नगरपालिका-१२ चौरस्थित सिद्धगुफा सामुदायिक वनबाट तीन, बस्नेउरा सामुदायिक वनबाट तीन र त्रिवेणी गाउँपालिका-५ डाँडासल्ले सामुदायिक वनबाट दुई गरी प्रहरीले आठ थान भरुवा बन्दुक बरामद गरेको जिल्ला प्रहरी कार्यालयमा राखिएको सूचना अधिकारी तथा प्रहरी निरीक्षक देवराज भट्टराईले बताए।

बन्दुक वन्यजन्तु चोरीसिकारी गर्नका लागि लुकाएको हुनसक्ने सूचना अधिकारी भट्टराईले जानकारी दिनुभयो। एक हप्ताको अवधिमा यी भरुवा बन्दुक बरामद गरिएको हो।

# वादी समुदायका नागरिकलाई खानेपानीको जोहो गर्नै मुस्किल

संविधानमा व्यवस्था भएबमोजिम राज्यले मानव जीवनमा प्राणवायु अक्सिजनपछि पिउने पानीको अपरिहार्यता मनन् गरी सबै नागरिक सामु स्वच्छ खानेपानीको पहुँच विस्तार गुर्नपर्ने हो। बिडम्बना व्यवहारमा भने राज्यका हरेक क्षेत्रमा पछाडि पारिएको झुप्रास्थित विपन्न बादी समुदायका नागरिकले खोलामा बगेको पानीसमेत शुद्धसँग पिउन पाएका छैनन्।

◣ओम शाही
सुर्खेत, १९ जेठ ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ र लेकवेशी नगरपालिकाको सिमावर्ती क्षेत्रमा यति बेला झण्डै ६ अर्ब बढीको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना धमाधम अघि बढिरहेको छ। कर्णाली प्रदेशको राजधानीको मुकाम रहेको वीरेन्द्रनगर नगरपालिकामा आगामी सन् २०५० सम्म बृद्धि हुनसक्ने जनसंख्यालाई दिगो खानेपानीको पहुँच स्थापित गर्न भेरी लिफ्ट खानेपानी आयोजना अबको एक वर्षभित्र पुरा हुँदैछ।

स्वच्छ खानेपानी र सरसफाईका क्षेत्रमा रणनैतिक महत्व राख्ने आयोजना धमाधम अघि बढिरहदा आयोजनासँगै जोडिएको झुप्रा खोलाको बादी समुदायमा भने काकाकुल छ। नेपालको संविधानले स्वच्छ खानेपानी तथा सरसफाइलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ।

संविधानको धारा ३५(४) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरिएको छ। संविधानमा व्यवस्था भएबमोजिम राज्यले मानव जीवनमा प्राणवायु अक्सिजनपछि पिउने पानीको अपरिहार्यता मनन् गरी सबै नागरिक सामु स्वच्छ खानेपानीको पहुँच विस्तार



गुर्नपर्ने हो। बिडम्बना व्यवहारमा भने राज्यका हरेक क्षेत्रमा पछाडि पारिएको झुप्रास्थित विपन्न बादी समुदायका नागरिकले खोलामा बगेको पानीसमेत शुद्धसँग पिउन पाएका छैनन्।

आधारभूत आवश्यकतामा पर्ने खानेपानीको व्यवस्थापन गर्नु राज्यको पहिलो दायित्व हो। तर, राज्य यही दायित्वबाट बिमुख हुँदा सदियौदेखि राज्यको मुल प्रवाहबाट पछाडि पर्दै आएको बादी समुदाय खोलामा बगेर आएको पानीलाई समेत निर्वाधरुपमा उपभोग गर्न नसक्ने अवस्थामा छ। यो हिजो आजको समस्या होइन।

वीरेन्द्रनगर नगरपालिका-११, झुप्रा खोला किनारामा झण्डै एक सय ५० बढी घरपरिवारको बसोवास छ। उनीहरु त्यस क्षेत्रमा २०४६ साल यता बसोवास गर्दै आएका छन्। उनीहरुको दैनिक गर्जो टार्ने मेसो त्यही झुप्रा खोलाको बालुवा चाल्नु हो। केही दशकअघिसम्म झुप्रा खोलाको पानी खान योग्य

▶ बाँकी ३ पेजमा

### दाताले गरिदिए खानेपानीको जोहो

केही महिनाअघि बादी वस्ती नजिक लागेको आगोले पाइप लाइनमा क्षति पुगेर खानेपानीको आपूर्ति रोकिएपछि स्थानीयहरु दाता गुहार्न बाध्य बनेका छन्। बस्तीसम्म विस्तार भएको खानेपानीको लाइनलाई व्यवस्थित बनाउन वीरेन्द्रनगर नगरपालिकालाई बारम्बार अनुरोध गर्दा सुनुवाई नभएपछि स्थानीयहरुले होसन्ना सेवाकाई नेपाल नामक गैरसरकारी संस्था गुहार्न बाध्य बन्नु परेको बादी अगुवा छविलाल बादी बताउछन्।

यसअघि लभ एण्ड होप नेपाल नामक गैर सरकारी संस्थाले बादी बस्तीसम्म खानेपानी पुऱ्याइदिएको थियो। उक्त आयोजना गएको चैतमा

▶ बाँकी ४ पेजमा

## इ-रिक्साले फेरियो जीवन :

# बर्दियाका महिलाहरू आत्मनिर्भर बन्दै छोराछोरीको पढाइदेखि घरखर्चसम्म सहज

◣सरला सुवेदी
बर्दिया, १९ जेठ ।

बर्दियामा पछिल्लो समय इ-रिक्सा चलाएर स्वरोजगार बन्ने महिलाको संख्या उल्लेखनीय रूपमा बढ्दै गएको छ। एक समय घरधन्दा र खेतबारीमा मात्र सीमित रहने महिलाहरू अहिले इरिक्साको स्टेयरिङ सम्हाल्दै परिवारको आर्थिक जिम्मेवारीमा हातेमालो गरिरहेका छन्। आफ्नै मेहनतबाट आम्दानी गर्न थालेपछि उनीहरूमा आत्मविश्वास बढेको छ भने छोराछोरीको पढाइ-लेखाइ र घरखर्च व्यवस्थापनमा समेत सहजता आएको छ।

पछिल्ला वर्षहरूमा सहरदेखि गाउँबस्तीसम्म इरिक्साको प्रयोग तीव्र रूपमा बढेको छ। सस्तो भाडा, साँघुरा गल्ली तथा कच्ची सडकमा समेत सहज रूपमा सञ्चालन गर्न सकिने भएकाले छोटो दूरीका यात्रुका लागि इरिक्सा भरपर्दो यातायातको साधन बन्दै गएको छ। यही अवसरलाई उपयोग गर्दै बर्दियाका महिलाहरू पनि यातायात क्षेत्रमा सक्रिय हुन थालेका छन्।

सुरुआती दिनमा इरिक्सा चलाउन केही अप्ठ्यारो र चुनौती महसुस भए पनि अहिले यात्रु ओसार पसार गर्दै राम्रो आम्दानी भइरहेको महिला चालकहरू बताउँछन्। इरिक्सा चालक इन्दु थारु भन्छिन्, “पहिले घरधन्दामै सीमित थिएँ। अहिले इरिक्सा चलाएर आफ्नै कमाइ हुन थालेपछि छोराछोरीको पढाइ र दैनिक खर्च व्यवस्थापन गर्न सहज भएको छ। आफ्नै खुट्टामा उभिन पाउँदा छुट्टै खुसी मिलेको छ।”

राजापुर र गेरुवा क्षेत्रका विभिन्न स्थानमा यात्रु सेवा दिँदै आएका महिला चालकहरू दैनिक आम्दानीले परिवारको आर्थिक भार कम गर्न सहयोग पुगेको बताउँछन्। इरिक्सा चालक निमा वली र बेलमती थारु का अनुसार घरमा खाली बस्नुभन्दा केही आम्दानी गरेर परिवारलाई सहयोग गर्ने उद्देश्यले आफूहरू यो पेशामा लागेका हुन्। उनीहरूका अनुसार इरिक्साले आर्थिक आम्दानीसँगै आत्मसम्मान र आत्मनिर्भरताको अनुभूति समेत दिलाएको छ।

जिल्लामा हाल २० जनाभन्दा बढी महिला इरिक्सा चालक सक्रिय रहेको अनुमान गरिएको छ। महिला चालकहरू पुरुषको तुलनामा बढी जिम्मेवार र ट्राफिक नियमप्रति

▶ बाँकी ३ पेजमा


**आत्महत्या समस्याको समाधान होइन।**

**आत्महत्यका प्रमुख कारण**
- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि।

**रोकथामका उपाय:**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं।

**एक अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।



GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# गुणस्तरीय स्वास्थ्य सेवा विस्तारमा ध्यान देऊ !

दुर्गम हिमाली तथा पहाडी भेगका गर्भवती र सुत्केरी महिलाको जीवनरक्षाका लागि सुरु गरिएको 'राष्ट्रपति महिला उत्थान कार्यक्रम'ले आठ वर्षको अवधिमा नौ सय पाँच महिलाको ज्यान जोगाएको तथ्यांक सार्वजनिक भएको छ। आर्थिक वर्ष २०७५/७६ मा सुरु भएको यो कार्यक्रमले चालु आर्थिक वर्ष २०८२/८३ को फागुनसम्म देशका विभिन्न दुर्गम क्षेत्रबाट ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको निःशुल्क हवाई उद्धार गरेर सुविधा सम्पन्न अस्पतालसम्म पुऱ्याएको छ। भौगोलिक विकटता, सडक सञ्जालको अभाव र स्वास्थ्य सेवाको सीमित पहुँचका कारण मातृ तथा शिशु मृत्युदर उच्च रहेका क्षेत्रमा यो कार्यक्रम निस्सन्देह जीवनदायी सावित भएको छ। तथ्यांक हेर्दा सबैभन्दा बढी लाभ कर्णाली प्रदेशले पाएको देखिन्छ। कर्णालीबाट मात्रै तीन सय दुई महिलाको उद्धार गरिएको छ।

यो संख्या एकातिर कार्यक्रमको आवश्यकता र प्रभावकारिताको प्रमाण हो भने अर्कोतिर कर्णालीलगायत दुर्गम क्षेत्रको स्वास्थ्य पूर्वाधार कति कमजोर छ भन्ने यथार्थको पनि संकेत हो। प्रसूति सेवाको पहुँच नपुगेका गाउँ, समयमै अस्पताल पुग्न नसक्ने अवस्था र आपत्कालीन अवस्थामा सडकमार्गको विकल्प नहुँदा हेलिकोप्टर नै अन्तिम आशा बन्नु विडम्बनापूर्ण यथार्थ हो। कार्यक्रमको महत्व त्यसबेला अझ स्पष्ट हुन्छ, जब उद्धार गरिने अवस्थाहरूलाई नियालिन्छ। लामो समयसम्म प्रसव वेथा लागेर बच्चा जन्मन नसक्ने, अत्यधिक रक्तस्राव हुने, उच्च रक्तचाप तथा एक्लाम्प्सिया देखिने, पाठेघर फुट्ने जोखिम हुने वा शिशुको जीवन नै संकटमा पर्ने जस्ता अवस्थाहरूमा केही घण्टाको ढिलाइले आमा र बच्चा दुवैको ज्यान जान सक्छ। यस्तो अवस्थामा राज्यले निःशुल्क हवाई उद्धारको व्यवस्था गर्नु सामाजिक उत्तरदायित्वको उदाहरण हो। उद्धारपछि पोषण, स्याहार तथा यातायातका लागि उपलब्ध गराइने आर्थिक सहयोगले पनि प्रभावित परिवारलाई राहत दिएको छ। तर, यो कार्यक्रमको अर्को पाटो भने गम्भीर चुनौतीको छ। सरकारी तथ्यांकअनुसार उद्धार गरिएका महिलामध्ये झण्डै आधा २० वर्षभन्दा कम उमेरका किशोरी छन्।

यो तथ्यले नेपालको ग्रामीण समाजमा बालविवाह र किशोरी मातृत्व अझै गहिरो समस्याका रूपमा विद्यमान रहेको पुष्टि गर्छ। कानुनले २० वर्षभन्दा कम उमेरमा विवाहलाई अपराध माने पनि व्यवहारमा भने धेरै समुदायमा बालविवाह अझै सामाजिक स्वीकृतिको विषय बनेको छ। परिणामस्वरूप कम उमेरमै गर्भधारण, स्वास्थ्य जटिलता र मातृमृत्युको जोखिम बढिरहेको छ। यसर्थ, राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई केवल उद्धार कार्यक्रमका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन। यसले राज्यलाई दुईवटा महत्वपूर्ण सन्देश दिएको छ। पहिलो, दुर्गम क्षेत्रमा आपत्कालीन स्वास्थ्य सेवा अझै अपरिहार्य छ। दोस्रो, बालविवाह, किशोरी गर्भधारण र स्वास्थ्य चेतनाको अभावजस्ता सामाजिक समस्यामाथि प्रभावकारी हस्तक्षेप नगरेसम्म उद्धारको आवश्यकता घट्ने छैन। दीर्घकालीन समाधान हेलिकोप्टर होइन, गाउँसम्म पुग्ने सडक, गुणस्तरीय स्वास्थ्य संस्था, दक्ष जनशक्ति र सामाजिक रूपान्तरण हो। हवाई उद्धारले संकटमा परेका आमाको ज्यान बचाउन सक्छ, तर बालविवाह अन्त्य, सुरक्षित मातृत्व सुनिश्चितता र स्वास्थ्य सेवाको समान पहुँच विस्तारले मात्रै यस्तो संकटको पुनरावृत्ति रोक्न सक्छ। त्यसैले सरकारले यो कार्यक्रमलाई निरन्तरता दिँदै दुर्गम क्षेत्रको स्वास्थ्य पूर्वाधार सुदृढीकरण र बालविवाह नियन्त्रणलाई समान प्राथमिकतामा राख्नुपर्छ। यही नै मातृ तथा शिशु सुरक्षाको दिगो मार्ग हो।

## 'नेपाल वेलनेस वर्ष':

# सांस्कृतिक कूटनीतिको नयाँ अध्याय



डिल्लीराज पौडेल

विश्व आज अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन्। तर यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि सङ्घर्ष गरिरहेको छ। आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव केवल आर्थिक, सैनिक वा प्राविधिक क्षमताले मात्र निर्धारण हुने अवस्था छैन। संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तरराष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन्। यही सन्दर्भमा नागरिक कूटनीति आज राज्य केन्द्रित कूटनीतिलाई पूरक मात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ। गौतमबुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करुणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन्। त्यसैले 'नेपाल वेलनेस वर्ष २०२७' लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमका रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पुऱ्याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ। यसले 'नेपाल वेलनेस वर्ष २०२७' लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको सङ्केत गर्दछ। यस पृष्ठभूमिमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वर्ष होइन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनर्स्थापित गर्ने ऐतिहासिक अवसर हो। यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ।

### सभ्यतागत शक्ति र समग्र स्वास्थ्य कूटनीतिको उदय

नेपालको अन्तरराष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचय मात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो। हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको सङ्गम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ। पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिक मात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो। यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमा समेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ। यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ। समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन। यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरु समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन्।

यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ। यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तरराष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ। समग्र स्वास्थ्य कूटनीति केवल सरकारी नीति वा पर्यटन प्रवर्द्धनको उपकरण मात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो। ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करुणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन्। त्यस्तै योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ। यी सबै तत्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई 'आन्तरिक सन्तुलनमार्फत बाह्य विकास' भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ।

### सौम्य शक्ति र नागरिक कूटनीतिको संस्थागत रूपान्तरण

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन। यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो। यही कारणले आधुनिक अन्तरराष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ। गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि केवल ऐतिहासिक परिचय मात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तरराष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन। यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ। नागरिक कूटनीतिले अन्तरराष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ। यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७'नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो। यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ।

यस प्रकार नागरिक कूटनीति केवल सहयोगी संरचना मात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो।

### आरोग्य पर्यटन, नीति रूपान्तरण र अन्तरराष्ट्रिय अवसर

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनःपरिभाषित गर्ने नीति अघि सारेको छ। यो केवल शब्दगत परिवर्तन मात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्वपूर्ण रूपान्तरण हो। यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ। यस नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ। यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ।

विश्वव्यापी रूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ। अन्तरराष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्र गतिमा बढिरहेका पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन्। यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन्। यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत 'ब्रान्डिङ'को उच्च स्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवर्द्धन र अन्तरराष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन्।

### अन्तरसभ्यतागत संवाद र विश्व शान्तिमा नेपालको भूमिका

आजको विश्व गम्भीर सभ्यतागत तनाव, सांस्कृतिक विभाजन र राजनीतिक ध्रुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ। यस्तो परिस्थितिमा अन्तरराष्ट्रिय सम्बन्ध केवल शक्ति सन्तुलनको प्रश्न मात्र नभई विश्वास निर्माण, संवाद विस्तार र सहअस्तित्वको पुनःस्थापनाको प्रश्न बनेको छ। यही संवेदनशील विश्व सन्दर्भमा नेपालले एक विशिष्ट र ऐतिहासिक भूमिका निर्वाह गर्न सक्ने सम्भावना बोकेको छ। नेपाल संवाद, शान्ति र सहअस्तित्वको प्राकृतिक पुलका रूपमा स्थापित हुनसक्ने देश हो किनकि यसको सभ्यतागत संरचना नै विविधता र सहजीवनमा आधारित छ।

नेपाल पूर्व र पश्चिमका विचारधाराबीचको सङ्गमस्थल हो। यहाँ पूर्वीय ध्यान र दर्शन परम्परा मात्र होइन, आधुनिक विकास आकांक्षा र वैश्विक सहभागिताको दृष्टिकोण पनि सँगसँगै उपस्थित छन्। त्यस्तै, नेपाल प्रकृति र चेतनाबीचको सन्तुलनको प्रतीक हो। यही बहुआयामिक अवस्थाले नेपाललाई सभ्यताहरू जोड्ने पुलका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। विश्वलाई आज केवल आर्थिक साझेदारी होइन, सांस्कृतिक समझदारी र भावनात्मक पुनःसंवादको आवश्यकता छ। यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वा राष्ट्रिय प्रवर्द्धनको कार्यक्रमका रूपमा सीमित रहँदैन। यो विश्व संवाद, शान्ति र मानव चेतनाको साझा मञ्च बन्नसक्ने रणनीतिक अवसर हो।

बाँकी ३ पेजमा

## विश्व

# ट्रम्पको गाली र इरानको धम्कीपछि इजरायलले स्थगित गऱ्यो बेरुत आक्रमणको योजना

**काठमाडौँ, १९ जेठ ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लेबनानमा जारी लडाइँबाट पछि हट्न इजरायल र हिजबुल्लाह सहमत भएको दाबी गरेका छन्। ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग टेलिफोन वार्ता र लेबनानी सशस्त्र समुह हिजबुल्लाहसँग मध्यस्थकर्ताहरूमार्फत अप्रत्यक्ष कुराकानी गरेका थिए।

यसअघि लेबनान र गाजापट्टीमा इजरायलले आक्रमण जारी राखेमा अमेरिकासँगको वार्ता प्रक्रिया भंग हुनसक्ने चेतावनी इरानले दिएको थियो। लेबनानी संसद्का सभामुख नाबिह बेरीसँगको कुराकानीमा इरानी सभामुख मोहम्मद बगेर गालिबाफले लेबनानमाथि आक्रमण नरोके इजरायलमाथि इरानले प्रत्याक्रमण गर्ने बताएका थिए।

'हामीले पछिल्ला दुई दिन इजरायलको आक्रमणलाई बन्द गर्नका लागि गम्भिर प्रयास गरिरहेका छौं। यस्तो अपराध कायमै रहेमा हामी वार्ता प्रक्रिया स्थगनमात्रै होइन। यहूदी सत्ताविरुद्ध आक्रमण समेत गर्नेछौं,' गालिबाफले भनेका थिए,'यदी इरान र अमेरिकाबीच युद्ध समाप्त गर्ने सहमति बन्यो भने त्यो लेबनानसहित सबै मोर्चामा लागु हुनेछ।'

इरानले लेबनानमाथिको इजरायली आक्रमणको विरोधस्वरुप मंगलबारका लागि अमेरिकासँग तय भएको उच्चस्तरीय भेट बहिस्कार गरेको इरानी सरकारी मिडियाहरुले जनाएका थिए। 'इरानी मध्यस्थकर्ता टोलीले संवादलाई स्थगित गर्नेछ र मध्यस्थतामार्फत पत्रहरु आदनप्रदान पनि रोकिनेछ,' इरानको अर्धसरकारी तास्निम न्युज एजेन्सीले जनाएको थियो।

तर, यी सबै घटनाक्रमलाई बेवास्ता गर्दै इजरायल सरकारले बेरुतको दक्षिणी क्षेत्रमा आक्रमणको तयारी गरेको थियो। सोमबार ट्रम्पले टेलिफोन गरेर नेतान्याहुलाई आक्रमण रोक्न दबाब दिएका हुन्। फोनवार्ताका दौरान ट्रम्पले नेतान्याहूलाई अपशब्द र गालीगलौज गरेको अमेरिकी सञ्चारमाध्यमहरुले बताएका छन्। दुई अमेरिकी अधिकारी र उक्त फोन वार्ताबारे जानकारी पाएका तेस्रो स्रोतले यस विषय पुष्टि गरेको अमेरिकी सञ्चारमाध्यम 'एक्सियोस' मा उल्लेख छ।

'लेबनानमा लगातार आक्रमण गरेर नेतान्याहुले इरानसँग भइरहेको आफ्नो वार्तालाई नै असफल बनाउन खोजेको आरोप ट्रम्पले लगाएका थिए। यस टेलिफोन कुराकानीपछि ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोशलमा इरानसँगको वार्तामा द्रूत प्रगति भइरहेको उल्लेख गरेका छन्,' एक्सियोसमा उल्लेख छ, 'स्रोतका अनुसार टेलिफोन कुराकानीका क्रममा ट्रम्पले नेतान्याहुलाई पागल र गुन नदेख्ने मानिसको आरोप लगाएका थिए।'

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ। समाजले पदीय जिम्मेवारी दिलाउनेछ। नसोचेको अवसरले मन प्रफुल्लित हुनेछ।

**वृष**: सामान्य काममा अलमलिँदा मुख्य कार्य सम्पादनमा समय लाग्नेछ। चुनौतीपूर्ण जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले दौडधुप गराउन सक्छ।

**मिथुन**: माहोल रमाइलो रहनेछ। मानसम्मान प्राप्त हुनुका साथै सम्मानित कामको यश लिने अवसर छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ।

**कर्कट**: काम बन्नाले उत्साह जाग्नेछ। आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काम सुरु हुने समय छ।

**सिंह**: अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। विद्यामा वृत्ति, सहुलियत वा विशेष अवसर प्राप्त हुनेछ।

**कन्या**: साझेदारीका समस्या सुल्झनाले दिगो योजनामा अघि बढ्दा फाइदा उठाउन सकिनेछ। अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा लाभ हुनेछ।

**तुला**: प्रयत्न गर्दा राम्रै अवसर पाइनेछ। साथीभाइले पनि सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ

**वृश्चिक**: प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली-व्यवहारमा अलि सजग रहनुपर्ला। केही विवादास्पद जिम्मेवारी आउन सक्छन्।

**धनु**: आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्।

**मकर**: खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। आर्थिक प्रलोभन देखाउनेहरूबाट सजग रहनुहोला। समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन्।

**कुम्भ**: नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। नोकरी तथा व्यवसायमा फाइदा हुनेछ। आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी गर्न सकिनेछ।

**मीन**: नयाँ काममा जग बसाउने समय छ। कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ।

# सुदूरपश्चिम प्रदेश गौरवका आयोजना आगामी आवमा सम्पन्न हुने गरी बजेट विनियोजन गरिने

**राष्ट्रिय समाचार समिति (रासस)**
**सुदूरपश्चिम, १९ जेठ ।**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षमा आयोजना छनोट तथा प्रथमिकीकरण प्रक्रियालाई परिणामुखी बनाउन छनोटसम्बन्धी मापदण्ड र आयोजना बैंकलाई आधार लिई कार्यक्रम कार्यान्वयन गर्ने नीति लिएको छ ।

प्रदेशसभाको सोमबारको बैठकमा प्रदेश प्रमुख नजिर मियाँले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८३ /०८४ को नीति तथा कार्यक्रममा सङ्घ र प्रदेशको चालु आवधिक योजना, आगामी दोस्रो पञ्चवर्षीय आयोजनाले निर्दिष्ट गरेका लक्ष्य र प्राथमिकता, पहिलो पञ्चवर्षीय योजना कार्याविन्वयनबाट प्राप्त उपलब्धिको आधारमा क्षेत्रगत आयोजनामा विनियोजन सन्तुलन गर्ने गरी आगामी आवको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने विषयलाई प्राथमिकता दिइएको उल्लेख छ ।

यस्तै, प्रदेश गौरवका आयोजनाहरू आगामी आवभित्र सम्पन्न गर्नेगरी बजेट विनियोजन, सहजीकरण, समन्वय र नियमन गर्ने प्रबन्ध मिलाइने नीति कार्यक्रममा छ । खानेपानीबाहेकका योजनामा प्रदेश सरकारबाट रु २५ लाखभन्दा कम लागतका विकास आयोजनामा बजेट विनियोजन नगर्ने र रु २५ लाखभन्दा कम लागतका आयोजना कार्यान्वयन गर्नुपर्ने अवस्था



भएमा वित्तीय हस्तान्तरणमार्फत स्थानीय तहबाट कार्यान्वयन गरिने नीति लिइएको छ । सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउँदै अनुत्पादक खर्चमा कटौती, वित्तीय अनुशासन कायम गर्ने, बेरुजु फछर्यौट तथा सम्परीक्षण कार्यलाई उच्च प्राथमिकता दिइने नीति कार्यक्रममा उल्लेख छ ।

'प्रदेश प्रमुख स्टार्टअप कार्यक्रम'मार्फत सीप विकास कार्यक्रम सञ्चालन, प्रादेशिक अर्थतन्त्रको सबलीकरणका लागि लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारी प्रवर्द्धन, प्रादेशिक सडक यातायात गुरुयोजनाको प्राथमिकताका आधारमा प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्गलगायत सडकको स्तरोन्नति र कृषि आर्थिक पहुँच मार्ग निर्माणको विषय नीति कार्यक्रममा समेटिएको छ ।

खानेपानी सेवा पुर्‍याउन 'एक घर, एक धारा' कार्यक्रम, सिँचाईको व्यवस्थापनका लागि एकीकृत कृषि सिँचाई आयोजनाको कार्यान्वयन, जनता आवास कार्यक्रमको निरन्तरता, रोजगारी एवं स्वरोजगारी सिर्जना गर्न मुख्यमन्त्री लघुउद्यम कार्यक्रम, दशरथचन्द सीपमूलक एवं क्षमता अभिवृद्धि कार्यक्रम, द्वारिकादेवी ठकुरानी महिला उद्यमशीलता कार्यक्रमलाई नीति कार्यक्रममा समेटिएको छ ।

यस्तै, 'पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार' भन्ने नाराका साथ पर्यटकीय क्षेत्रको संरक्षण विकास एवं प्रवर्द्धन गरिने उल्लेख छ । अपि-सुर्मा-सैपाल-खप्तड-रानीसैन-बडिमालिका-रामारोशन क्षेत्र पर्यटन प्रवर्द्धन गर्न पदमार्ग निर्माण गरी प्रदेशलाई आकर्षक तथा सुरक्षित पर्यटन गन्तव्यको रूपमा विकास गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

नीति कार्यक्रममा 'सामुदायिक वन, प्रदेशको धन' भन्ने नारासहित विभिन्न कार्यक्रम सञ्चालन गरिने, स्वास्थ्यतर्फ 'मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम' सञ्चालन, सिकलसेल एनिमिया रोकथामका लागि घोराघोरी स्वास्थ्य उपचार कार्यक्रमजस्ता विषय पनि समेटिएका छन् ।

खेलकुदको विकासतर्फ धनगढीको फाप्ला क्रिकेट मैदानको स्तरोन्नतिका लागि सङ्घ सरकारसँग साझेदारी गर्न आवश्यक समन्वय र सहकार्य गरिने, धनगढी रङ्गशालाको स्तरोन्नति, अन्तरराष्ट्रिय र राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट पदक विजेता प्रदेशका खेलाडीलाई विशेष सम्मान गरिनेजस्ता विषय पनि कार्यक्रममा समेटिएका छन् ।

कृषि क्षेत्रको विकासतर्फ कृषिको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरणको प्रवर्द्धन गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाइने, 'एक पालिका दुई उत्पादन कार्यक्रम' सञ्चालन, कृषक पहिचान कार्यक्रमलाई प्राथमिकता दिई कृषि ऋणमा ब्याज अनुदान, प्रतिफलमा आधारित अनुदानलगायत कार्यक्रम पनि सञ्चालन गरिने कार्यक्रममा उल्लेख छ ।

# प्रादेशिक अस्पतालको स्तरोन्नति योजना

**युग संवाददाता**
**कञ्चनपुर, १९ जेठ ।**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रको पूर्वाधार विकास, विशेषज्ञ सेवा विस्तार र प्रविधिमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै प्रदेश तथा जिल्ला अस्पतालको स्तरोन्नति गर्ने योजना अघि सारेको छ ।

सोमबार प्रदेश प्रमुख नजिर मियाँले प्रस्तुत गरेको नीति तथा कार्यक्रमअनुसार 'मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम'अन्तर्गत कैलालीस्थित सेती प्रादेशिक अस्पताल, कञ्चनपुरस्थित महाकाली प्रादेशिक अस्पताल र टीकापुर अस्पताललाई १०० शय्या क्षमतामा स्तरोन्नति गरिनेछ ।

नीति तथा कार्यक्रममा प्रदेश सरकारअन्तर्गतका अस्पतालमा प्रयोगशाला, आकस्मिक सेवा, शल्यक्रिया तथा सघन उपचार कक्ष (आइसियु), फार्मेसी र रेडियोलोजी सेवाको क्षमता अभिवृद्धि गरिने उल्लेख गरिएको छ ।

मुटुरोग उपचारलाई थप प्रभावकारी बनाउन सेती प्रादेशिक अस्पतालमा क्याथल्याब स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

दुर्गम तथा पहाडी जिल्लाका नागरिकलाई स्थानीयस्तरमै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले दार्चुला, बाजुरा, बझाङ, बैतडी, अछाम र डोटीका जिल्ला अस्पताललाई बिरामीको चापका आधारमा न्यूनतम २५ देखि ५० शय्यासम्म स्तरोन्नति गरिने उल्लेख छ ।

ती अस्पतालमा हाडजोर्नी, बालरोग, स्त्री तथा प्रसूति, दन्त र फिजियोथेरापी सेवा विस्तार गरिने जनाइएको छ ।

डोटीमा निर्माण सम्पन्न प्रदेश सरुवा रोग अस्पताल सञ्चालनमा ल्याइने तथा प्रादेशिक आयुर्वेद चिकित्सालयलाई ५० शय्यामा स्तरोन्नति गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

मिर्गौला रोगीका लागि डायलासिस सेवा विस्तार गर्दै सेतीमा पाँच, महाकालीमा चार, टीकापुरमा तीन, लम्कीचुहामा पाँच तथा बयलपाटा, जोगबुढालगायत अन्य अस्पतालमा न्यूनतम दुई शय्या थप गरिने भएको छ ।

दूरदराजका क्षेत्रमा विशेषज्ञ सेवा पुर्‍याउन टेलिहेल्थ कार्यक्रम सञ्चालन तथा अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली लागू गरिने जनाइएको छ ।

कैलाली र कञ्चनपुरका थारु समुदायमा देखिने सिकेलसेल एनिमिया, थालासेमिया र हेमोफिलिया रोगको पहिचान तथा उपचारका लागि 'घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम' लाई निरन्तरता दिइने भएको छ ।

मातृ तथा बाल मृत्युदर न्यूनीकरणका लागि ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रमलाई निरन्तरता दिइने तथा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्याको पहिचानका लागि सबै जिल्लामा विशेषज्ञसहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिने कार्यक्रम छ ।

ज्येष्ठ नागरिक, एकल महिला तथा 'क' वर्गका अपाङ्गता भएका व्यक्तिलाई प्रादेशिक अस्पतालबाट निःशुल्क स्वास्थ्य परीक्षण र औषधि उपलब्ध गराइने व्यवस्था पनि गरिएको छ ।

यसैगरी, आर्थिक रूपमा कमजोर तर जेहेन्दार विद्यार्थीलाई एमबिबिएस र एमडिजिपी अध्ययनका लागि 'मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृत्ति' प्रदान गरिनेछ ।

सरकारी छात्रवृत्तिमा अध्ययन पूरा गरेका चिकित्सकलाई प्रदेशकै स्वास्थ्य सेवामा परिचालन गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरिने जनाइएको छ ।

'स्वास्थ्य बिमाको साथ, सेवामा विश्वास' नाराअन्तर्गत महिला स्वास्थ्य स्वयंसेविका बिमा कार्यक्रम तथा सामाजिक सुरक्षा एकाइलाई सुदृढ गरी विपन्न तथा सीमान्तकृत नागरिकलाई स्वास्थ्य बिमाको पहुँचमा ल्याइने प्रदेश सरकारले जनाएको छ ।

## बर्दियाका...

सचेत देखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दियाले जनाएको छ । प्रहरी निरीक्षक सन्दीप बेल्बासेका अनुसार महिला चालकहरूले सुरक्षित र अनुशासित ढंगले सवारी सञ्चालन गरिरहेका छन्, जसले यातायात क्षेत्रमा सकारात्मक सन्देश दिएको छ ।

महिलाहरू यातायात क्षेत्रमा सक्रिय बन्दै गएसँगै बर्दियामा महिला सशक्तीकरणको नयाँ उदाहरण स्थापित हुन थालेको छ । इरिक्सा उनीहरूका लागि केवल आम्दानीको स्रोत मात्र बनेको छैन, आत्मनिर्भर जीवनको आधार पनि बनेको छ । आफ्नै परिश्रमबाट परिवारको आर्थिक अवस्था सुधार गर्दै छोराछोरीको भविष्य उज्यालो बनाउन सफल यी महिलाहरूले समाजमा श्रम, साहस र आत्मनिर्भरताको प्रेरणादायी सन्देश फैलाइरहेका छन् ।

## वादी...

थियो । मानव स्वास्थ्यलाई हानी पुर्‍याउने खालका जिवाणु अर्थात पानी प्रदुषित थिएन ।

खोलाबाट दिनभर गिट्टी, बालुवा निकाल्ने, तिर्खा लागे झुप्रा खोलाको पानीले प्यास मेटाउने बानी थियो स्थानीय धनसरा बादीको । आफ्ना जीवनका लामा अध्याय झुप्रा खोलाको पानीले कटाएकी धनसरालाई अहिले त्यही पानी छुन पटक-पटक सोच्नु पर्छ । तर, उनलाई बाध्यता छ । खान योग्य छैन भन्ने थाहा छ, तर, उनको परिवार प्रदुषित भएपनि कपडाले छानेर दैनिक खानेपानीको जोहो गर्न बाध्य छ ।

पानीकै कारण धनसराको परिवारलाई सरसफाईजन्य संक्रमण टाइफाइड, झाडापखला, एलर्जी लगायतका स्वास्थ्य समस्याको जोखिम पनि उत्तिकै छ । हरेक वर्ष परिवारका सदस्यहरु टाइफाइडले थलिने गरेको नमिठो सत्य धनसरासँग छ । महिनावारी हुँदा पनि स्वच्छ पानीको अभाव खड्की रहन्छ, धनसरालाई ।

उनी भन्छिन्, 'पहिले पहिले खोलामा बग्ने पानी स्वच्छ हुन्थ्यो, पिउन, खाना पकाउन, नुहाई धुवाई गर्न खोलाको पानी प्रयोग गर्ने गरेका थियौं । तर, अहिले बस्तीको माथितिरबाट फोहोर फाल्ने, खोलामा जथाभावी डोजरले खन्ने हुन थालेपछि खानेपानीको जोहो गर्न निकै मुस्किल पर्न थालेको छ ।' अहिले धनसराको परिवारले खोलाको किनारामा खाल्डो बनाएर जम्मा भएको पानी उपभोग गर्दै आएको छ । पानी परेपछि ति मुहान भलले पुर्छ । फेरी खाल्डो बनाएर पानी खानु उनीहरुको बाध्यता बनेको छ । मानव स्वास्थ्यका दृष्टिकोणले धनसराको परिवारले उपभोग गरिरहेको स्रोतको पानी पिउनलाई उपयूक्त छैन ।

स्थानीय हरिबहादुर बादी २०५४ सालतिरबाट झुप्रा खोला किनारमा आफ्नो परिवारसँगै बस्न थालेका थिए । उनी त्यहाँ बस्न थालेको झण्डै २९ वर्ष भयो । उनले पनि ढुक्क भएर स्वच्छ खानेपानीको उपभोग गर्न पाएका छैनन् । उनी बादी बस्तीका अगुवासमेत हुन् ।

उनले बस्तीमा स्वच्छ खानेपानीको जोहो गर्न तीनै तहका सरकारसँग निकै लडाई लडेका छन् । तर, उनको पीडा अहिलेसम्म सम्बोधन भएको छैन । उनका अनुसार बस्तीमा खानेपानीको व्यवस्थापन नभएको पनि होइन । झण्डै पाँच वर्षअघि एक गैरसरकारी संस्थाको सहयोगमा बस्तीसम्म खानेपानीका धारा निर्माण भएका थिए । तर, गुणस्तरिय पूर्वाधार नहुँदा खडेरी लाग्ने बित्तिकै जंगलमा लाग्ने आगोले पाइप जल्ने, खोलाको बाढीले पाइप बगाउने, घास, दाउरा जानेले पाइप काटिदिने लगायतका समस्याले बस्तीमा पानीको हाकार हुने गरेको उनी सुनाउछन् ।

'बस्तीको किनाराबाट झुप्रा खोला बगेको छ, तर बस्तीमा खानेपानी छैन ।' उनी भन्छन्, 'कम्तीमा खानलाई मात्र भएपनि पानी ल्याइदेउ भनेर पुग्नुपर्ने ठाउँसम्म पुगियो, हाम्रा पीडा सुनवाईमै पर्दैनन् ।' कम लागतमै बस्तीसम्म खानेपानी ल्याउन सकिने अवस्था रहेपनि वीरेन्द्रनगरले चासो नदेखाएको गुनासो हरिबहादुरको छ । उनले वीरेन्द्रनगर उपत्यकाको फोहोर बस्ती नजिक फालिदा त्यसबाट निस्कने हानिकारक पानी खोलामा मिसिदा झनै जोखिम बढेको गुनासो गरे ।

बस्तीको आधारभूत आवश्यकता पुरा गर्नतर्फ चासो नदिएको वीरेन्द्रनगर नगरपालिकाकै कारण झुप्रा खोलको किनारामा बसोबास गर्दै आएको विपन्नहरुको ठुलो बस्तीसमेत जोखिममा परको उनले सुनाए । अर्की स्थानीय अमृता बादीले वीरेन्द्रनगरले नदीजन्य सामग्री उत्खनन् गर्न थालेपछि स्थानीयको रोजगारी खोसिनुका साथै वर्षेनी खोलाले धार परिवर्तन गर्दा बस्ती नै बाढीको चपेटामा पर्ने जोखिम बढ्दै गएको बताउछिन् ।

वीरेन्द्रनगर नगरपालिकाले राजश्व संकलन गर्ने नाममा वर्षेनी नदीजन्य सामग्री उत्खननूका लागि झुप्रा खोला ठेक्का दिने गर्छ । वातावरणीय प्रभाव मूल्यांकन गरेर नदीजन्य पदार्थ निकाल्न दिइने दावी गरिएपनि ठेकेदारले डोजर प्रयोग गरेर मापदण्डविपरित गिट्टी, बालुवा निकाल्दा झुप्रा खोलाको स्वरुप मात्र बदलिएको छैन । स्थानीयहरुलाई झुप्रा खोलामा बगेर आउने पानीसमेत प्रदुषित बनाइ रहेको छ । यसतर्फ नियामक निकायले कानमा तेल हालेर बसेको स्थानीयको गुनासो छ ।

## सांस्कृतिक...

### नागरिक कूटनीति र गैरराज्य संस्थाहरूको भूमिका

समकालीन अन्तरराष्ट्रिय सम्बन्धमा कूटनीति अब केवल राज्य संयन्त्रको एकल अधिकार क्षेत्रभित्र सीमित छैन । नागरिक समाज, विश्वविद्यालय, धार्मिक तथा आध्यात्मिक संस्था, युवा सञ्जाल, सांस्कृतिक अभियन्ता तथा प्रवासी समुदायहरूले अन्तरराष्ट्रिय सम्बन्ध निर्माणमा निर्णायक र दीर्घकालीन प्रभाव पार्ने भूमिका खेलिरहेका छन् । यसलाई नै नागरिक कूटनीति भनिन्छ, जसले कूटनीतिलाई राज्य केन्द्रित संरचनाबाट बाहिर निकालेर समाज, संस्कृति, शिक्षा र मानवीय सम्बन्धको तहमा विस्तार सक्दछन् । 'नेपाल वेलनेस वर्ष २०२७' ले यस नागरिक कूटनीतिको अभ्यासलाई व्यवस्थित, संरचित र राष्ट्रिय अभियानको रूपमा संस्थागत रूप दिन सक्ने ऐतिहासिक अवसर प्रदान गर्छ । यस अभियानमार्फत ध्यान, योग, सजगता, शिक्षा, सांस्कृतिक आदानप्रदान तथा शान्ति केन्द्रित कार्यक्रमहरूलाई अन्तरराष्ट्रियस्तरमा विस्तार गर्न सकिन्छ ।

यस प्रक्रियामा प्रवासी नेपाली समुदाय विशेष रूपमा रणनीतिक शक्ति हो । विश्वका विभिन्न मुलुकहरूमा फैलिएको नेपाली डायस्पोरा केवल आर्थिक योगदानको स्रोत मात्र होइन, नेपाल र विश्वबीचको सांस्कृतिक र भावनात्मक पुल पनि हो । उनीहरूले आफ्नो बसोबास रहेका देशहरूमा नेपालको सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई प्रवर्द्धन गर्दै अनौपचारिक कूटनीतिक प्रतिनिधिका रूपमा काम गर्न सक्दछन् । यदि प्रवासी नेपाली समुदायलाई समग्र स्वास्थ्य, योग, ध्यान, सांस्कृतिक संवाद, शैक्षिक आदानप्रदान तथा अन्तरसांस्कृतिक सहकार्यका अभियानहरूसँग रणनीतिक रूपमा जोड्न सकियो भने, उनीहरूले नेपाललाई विश्वसँग जोड्ने अत्यन्त प्रभावकारी र दीर्घकालीन सांस्कृतिक कूटनीतिक नेटवर्क निर्माण गर्न सक्दछन् ।

### आगामी बाटो

'नेपाल वेलनेस वर्ष २०२७' लाई सफल, प्रभावकारी र दीर्घकालीन रूपमा रूपान्तरण गर्न संस्थागत, नीतिगत र संरचनात्मक तयारी अपरिहार्य हुनेछ । यस अभियानलाई केवल कार्यक्रमगत स्तरमा सीमित नराखी राष्ट्रिय विकास दृष्टिकोणको एक एकीकृत ढाँचाका रूपमा अघि बढाउन आवश्यक छ । यसका लागि राष्ट्रिय समग्र स्वास्थ्य परिषद् एक समन्वयकारी संस्थागत आधारका रूपमा विकास गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यक्रम कार्यान्वयन र अन्तरराष्ट्रिय सहकार्यबीचको समन्वय सुनिश्चित गर्नेछ ।

त्यस्तै, हिमालय समग्र स्वास्थ्य परिपथले नेपालको भौगोलिक, सांस्कृतिक र आध्यात्मिक सम्पदालाई एकीकृत पर्यटन तथा अनुभव संरचनामा रूपान्तरण गर्ने रणनीतिक ढाँचा प्रदान गर्न सक्दछ ।

अन्तरराष्ट्रिय अनुसन्धान सहकार्यले नेपाललाई केवल सेवा गन्तव्य होइन, समग्र स्वास्थ्य, ध्यान, योग, मानसिक सन्तुलन र चेतनामूलक जीवनशैलीसम्बन्धी ज्ञान उत्पादन तथा आदानप्रदानको केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ । समुदाय आधारित पूर्वाधार विकासले स्थानीय स्तरमा प्रत्यक्ष सहभागिता, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणलाई सुनिश्चित गर्नेछ । सार्वजनिक निजी साझेदारीले लगानी, नवप्रवर्तन र दिगो विकासबीचको सम्बन्धलाई संस्थागत रूप दिनेछ । यी सबै प्रयासहरूलाई सफल बनाउन सरकार, निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्था तथा अन्तरराष्ट्रिय साझेदारबीच एकीकृत समन्वय प्रणाली विकास गर्नु अत्यावश्यक छ । यदि बीसौँ शताब्दी शक्ति राजनीतिको शताब्दी थियो भने, एक्काइसौँ शताब्दी चेतना, संस्कृति र मानवीय सहअस्तित्वको शताब्दी बन्ने सम्भावना प्रबल छ । नेपालसँग त्यस शताब्दीलाई दिशा दिने सभ्यतागत आधार अझै जीवित छ ।

नेपालसँग विश्वलाई केवल हिमाल देखाउने मात्र होइन, मानव चेतनाको अर्को सम्भावना देखाउने ऐतिहासिक अवसर पनि छ । यदि नेपालले आफ्नो सभ्यतागत सम्पदा, सांस्कृतिक शक्ति र चेतनामूलक जीवनदर्शनलाई दूरदर्शी नीति, संस्थागत तयारी र अन्तरराष्ट्रिय साझेदारीसँग जोड्न सक्यो भने, 'नेपाल वेलनेस वर्ष २०२७' केवल एक अभियान रहने छैन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य र मानवीय सहअस्तित्वको अग्रणी आवाजका रूपमा स्थापित गर्ने ऐतिहासिक मोड बन्न सक्नेछ । अब प्रश्न केवल नेपालले विश्वबाट के प्राप्त गर्छ भन्ने होइन । प्रश्न यो हो कि नेपालले विश्वलाई कस्तो दिशा दिन सक्दछ । 'नेपाल वेलनेस वर्ष २०२७' त्यस प्रश्नको सभ्यतागत उत्तर बन्न सक्दछ ।

*(लेखक मलेसियाका लागि नेपाली पूर्वराजदूत हुन्)*

# वीरेन्द्रनगरले सुरु गर्‍यो बिरामीलाई निःशुल्क रगत वितरण

**युग संवाददाता**
**सुर्खेत, १९ जेठ ।**

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाको आर्थिक सहयोगमा अब कर्णाली प्रदेशभरिबाट उपचारका लागि प्रदेश अस्पताल वीरेन्द्रनगर तथा अन्य स्वास्थ्य संस्थामा आउने बिरामीलाई निःशुल्क रगत उपलब्ध गराइने भएको छ । आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम तथा बजेटअन्तर्गत वीरेन्द्रनगर नगरपालिका र जिल्ला रेडक्रस शाखा सुर्खेतबीच यस सम्बन्धी सम्झौता भएको हो ।



सम्झौताअनुसार जिल्ला रेडक्रस शाखा सुर्खेतद्वारा सञ्चालित ब्लड बैंकमार्फत बिरामीलाई निःशुल्क रगत उपलब्ध गराइनेछ । कार्यक्रमलाई आगामी वर्षहरूमा समेत निरन्तरता दिने सहमति भएको जनाइएको छ । सम्झौतापत्रमा वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकाल र जिल्ला रेडक्रस शाखा सुर्खेतका सभापति रामलाल आचार्यले हस्ताक्षर गरेका छन् ।

सम्झौता कार्यक्रममा नगर प्रमुख ढकालले निःशुल्क रगत उपलब्ध गराउने व्यवस्थाले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न तथा आर्थिक अभावका कारण उपचारमा समस्या भोगिरहेका बिरामीलाई राहत पुग्ने विश्वास व्यक्त गरिन् ।

त्यसैगरी, प्रदेश अस्पतालका प्रमुख डा. गणेश थापाले नगरपालिकाको यो पहलले उपचारका क्रममा रगत अभावको समस्या न्यूनीकरण गर्न मद्दत पुग्ने बताउँदै बिरामी र उनका परिवारलाई प्रत्यक्ष लाभ पुग्ने धारणा राखे ।

नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै ल्याएको यो कार्यक्रमबाट प्रदेश अस्पतालसहित विभिन्न स्वास्थ्य संस्थामा उपचारका लागि आउने हजारौँ बिरामी लाभान्वित हुने अपेक्षा गरिएको छ । जिल्ला रेडक्रस शाखा सुर्खेतले सञ्चालन गर्दै आएको ब्लड बैंकमार्फत सेवा प्रवाह हुने भएकाले आवश्यक पर्दा बिरामीले सहज रूपमा रगत प्राप्त गर्न सक्नेछन् ।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**(दास्रो पटक सूचना प्रकाशित मिति : २०८३/०२/२० गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि र सि ग्रेडको गोस ७६, ५६ र ६८ गोलियाको ११६५.८४, ४७९.२२, ३२५.६ क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न दास्रो पटक सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ती, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी १६ औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**अध्यक्ष**
**पोटेखोला सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा. ७, सुर्खेत**

# वीरेन्द्रनगर नगरपालिकाको बेरुजु ९३ करोड ४१ लाख

**युग संवाददाता**
**सुर्खेत, १९ जेठ ।**
सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाको बेरुजु ९३ करोड ४१ लाख पुगेको छ। महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनअनुसार पालिकाको बेरुजु यस परिमाणमा देखिएको हो।

प्रतिवेदनअनुसार नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विभिन्न कोषसम्बन्धी वित्तीय विवरण स्वीकृतढाँचा र मापदण्ड अनुसार तयार नगरेको उल्लेख गरिएको छ। यसले नगरपालिकाको वित्तीय अवस्थाको यथार्थ चित्र प्रस्तुत गर्न कठिन भएको प्रतिवेदनमा जनाइएको छ। गत आर्थिक वर्ष २०८१/०८२ को लेखा परीक्षणमा नगरपालिकाको ५ अर्ब ४८ करोड ४८ लाख ५५ हजार रुपैयाँको कारोबार परीक्षण गरिएको थियो। जसमा ९ करोड ९७ लाख ५६ हजार रुपैयाँ बेरुजु देखिएको छ।

गत आर्थिक वर्षसम्म नगरपालिकामा ८६ करोड १७ लाख ७ हजार रुपैयाँ बेरुजु कायम थियो। त्यसमध्ये २ करोड ३३ लाख ६५ हजार रुपैयाँ फर्स्योट भए पनि चालु वर्ष थपिएको बेरुजुसहित कुल अद्यावधिक बेरुजु ९३ करोड ४१ लाख ८७ हजार रुपैयाँ पुगेको हो।

लेखापरीक्षणपछि नगरपालिकाले दिएको प्रतिक्रियाका आधारमा ३९ लाख १० हजार रुपैयाँ फर्स्योट भए पनि गत वर्षको मात्रै ९ करोड ५८ लाख ४५ हजार रुपैयाँ बेरुजु अझै कायम छ।

गत वर्षको बाँकी बेरुजुमध्ये १ करोड ४३ लाख ४६ हजार रुपैयाँ असुल गर्नुपर्नेछ। २ करोड ४३ लाख १ हजार रुपैयाँ बराबरको प्रमाण कागजात पेस गर्नुपर्ने उल्लेख छ। यस्तै ४ करोड ७९ लाख ७४ हजार रुपैयाँ नियमित गर्नुपर्नेछ। ९२ लाख २४ हजार रुपैयाँ पेस्की बाँकी छ।

नगरपालिकाले नगदमा आधारित लेखा प्रणाली अपनाएकाले पेस्कीबाहेक सम्पत्ति तथा दायित्वको यकिन विवरण खुलाउन नसकेको प्रतिवेदनमा उल्लेख छ। वित्तीय अनुशासन कायम गर्दै बेरुजु फर्स्योट र लेखा प्रणाली सुधार गर्नका लागि महालेखाले नगरपालिकालाई सुझाव दिएको छ।

**२ करोड ७२ लाख असुल**

यस्तै वीरेन्द्रनगर नगरपालिकाले विगत चार आर्थिक वर्षको अवधिमा बेरुजु सम्परीक्षण प्रक्रियामार्फत असुलउपर गर्नुपर्ने रकममध्ये २ करोड ७२ लाख ७६ हजार रुपैयाँ फिर्ता गरेको छ। पालिकाले महालेखापरीक्षकको कार्यालयमा पेस गरिएको सम्परीक्षण विवरणअनुसार विभिन्न शीर्षकमा देखिएका बेरुजु रकम फर्स्योट गरिएको हो।

आर्थिक वर्ष ०७८/७९ देखि ०८१/८२ सम्मका विभिन्न बेरुजु शीर्षकको सम्परीक्षणपछि नगरपालिकाले सो रकम असुलउपर गरेको हो। नगरपालिकाले बेरुजु व्यवस्थापन तथा वित्तीय अनुशासन सुदृढ गर्न सम्परीक्षण प्रक्रियालाई निरन्तरता दिएको जनाएको छ।

# सरुवा भएको ५५ दिनपछि हाजिर हुने हाकिमलाई घडी र भित्तेपात्रो

**युग संवाददाता**
**कालीकोट, १९ जेठ ।**
कालीकोटको महावै गाउँपालिकाले ५५ दिनपछि हाजिर भएका प्रमुख प्रशासकीय अधिकृत शिवराज कोइरालालाई घडी र भित्तेपात्रो उपहार दिएको छ। गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले समय मापनका लागि घडी र भित्तेपात्रो उपहार दिएका हुन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाएको ५५ दिनपछि प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकामा हाजिर हुन पुगेपछि अध्यक्ष खेमबहादुर सिंहले घडी र भित्तेपात्रो उपहारस्वरूप दिएका हुन्। 'सरुवा भएको ५५ दिनपछि गाउँपालिकाको कार्यालयमा हाजिर हुन पुगेका प्रमुख प्रशासकीय अधिकृत शिवराज कोइरालालाई घडी र भित्तेपात्रो उपहार दिएका छौँ', अध्यक्ष सिंहले भने, 'महावै गाउँपालिकाले पहिलोपटक प्रमुख प्रशासकीय अधिकृत पाएकोमा प्रमुख प्रशासकीय अधिकृत हाजिर हुनै ५५ दिन लगाएपछि समय र मितिको ख्याल राखेर जनताप्रति उत्तरदायी ढंगले काम गर्न घडी र भित्तेपात्रो उपहार दिएका हौँ', उनले भने।



कर्णालीका स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृत पाउन धेरै कठिन रहेको उनले बताए। उनले स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको लामो अनुपस्थितिले सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कामकाज प्रभावित हुने भएकाले समयमै जिम्मेवारी सम्हाल्नुपर्ने आवश्यकता औंल्याए।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरेका प्रमुख प्रशासकीय अधिकृत कार्यालय पुग्न महिनौँ लगाउने परिपाटी चलिआएको छ। निजामती सेवा नियमावली २०५० को नियम ३९ मा सरुवा भएको कार्यालयमा हाजिर हुने र नियम ४० मा सरुवा भएको २१ दिनभित्र हाजिर नभएमा कारबाही गरिने उल्लेख छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत शिवराज कोइरालालाई २०८२ चैत १९ गते सरुवा गरेको थियो। उनी २०८३ जेठ १३ गते महावै गाउँपालिकाको कार्यालयमा हाजिर भएका छन्।

प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयालले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाएको कर्मचारी समयमै कार्यक्षेत्रमा पुग्दा कार्यसम्पादनमा समेत राम्रो हुने बताए। उनले मन्त्रालयले अनिवार्य हाजिर हुन ताकेता गरिरहेको तर धेरैको हकमा ढिला हाजिर हुने गरेको बताए।

प्रमुख प्रशासकीय अधिकृत शिवराज कोइरालाले भने आफूले घडी र भित्तेपात्रो उपहार दिएको विषयमा जिम्मेवार बनेको बताए। उनले निजामती सेवा नियमावली २०५० को नियम ३६ को ३ अनुसार ५० वर्ष उमेर पुगेका कर्मचारीलाई 'क' वर्गको भौगोलिक क्षेत्रमा सरुवा नगर्ने उल्लेख गरेको हुँदा कतै सरुवा रोक्न सकिन्छ कि भनेर ढिलाइ गरेको बताए।

# हुम्ला र बाजुरा सीमा विवादबारे जाँचबुझ गर्न गृहको टोली हुम्लामा

**युग संवाददाता**
**हुम्ला, १९ जेठ ।**
हुम्ला र बाजुराको सीमा क्षेत्र लाम्पाटामा भएको सीमा विवाद तथा दोहोरो झडपबारे बुझ्न गृह मन्त्रालयद्वारा गठित जाँचबुझ समितिको टोली यहाँ पुगेको छ।

प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विमलराज पौडेल नेतृत्वको टोली आइतबार सिमकोट पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले जानकारी दिए।

उनका अनुसार दुई जिल्लाबीच भएको घटनाको स्थलगत यथार्थता बुझ्न यहाँ आएको टोली घटना भएको क्षेत्र लामपाटा, च्याचौर क्षेत्र पुगेर सिमकोट पुगेको हो।

टोलीले सिमकोट बसाइँका क्रममा सीमा क्षेत्रका नागरिक, घटनामा संलग्न व्यक्ति र सीमा जोडिएका क्षेत्रका जनप्रतिनिधि, राजनीतिक दलका नेता र नागरिक अगुवासँग घटनाका बारेमा छलफल गर्ने कार्यक्रम रहेको छ।

यसअघि, गत जेठ २ गतेदेखि ४ गतेसम्म सीमाको विषयलाई लिएर हुम्ला र बाजुराका नागरिकबीच भएको झडपले उग्ररुप लिएपछि गृहमन्त्रालयले टोली गठन गरेको थियो।

चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले रु ४० लाख बजेट विनियोजन गरेर उक्त क्षेत्रमा प्रहरीचौकी निर्माण सुरु गरेपछि विवाद भएको हो। सीमा विवादले उग्ररुप लिँदा लाम्पाटामा दुई जिल्लाका स्थानीयबीच झडप हुँदा बाजुराका चार जना घाइते भएका थिए। घाइते चारै जनाको हेलिकोप्टरबाट उद्धार गरिएको थियो।

# शैक्षिक सामाग्री वितरण

**युग संवाददाता**
**सुर्खेत, १९ जेठ ।**
सुर्खेतको वीरेन्द्रनगरमा एक कार्यक्रमका वीच बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ। वीरेन्द्रनगर-११ स्थित कालिका प्राथमिक विद्यालयका ६० जना विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको हो।

रोयल लुब्रिकेन्टसको सहयोगमा आर.के बोर्दस एण्ड टायर सप्लायर्सको समन्वयमा सो सामग्री वितरण गरिएको हो। रोयल लुब्रिकेन्टस उत्कृष्टता प्रति समर्पित बाल शिक्षाको लागि सहयोग एक लिटरमा एक रुपैयाँ भन्ने नारालाई आत्मसाथ गर्दै शैक्षिक सामग्री वितरण गरिएको आर.के बोर्दस एण्ड टायर सप्लायर्सका संचालक राजन चपाईले जानकारी दिए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक डिल्लीराम कर्डेल, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश परियार, समाजसेवी चन्द्रलाल चपाई, शिक्षिकाहरु लगायतको उपस्थितिमा शैक्षिक सामग्री वितरण गरिएको चपाईले बताए।

## दाताले...

वनमा लागेका आगोका कारण क्षतिग्रस्त बनेको थियो। दाताको सहयोगले खानेपानीको लाइन मर्मत भएपछि बादी बस्तीमा तत्काल पानीको जोहो भएको छ। संस्थाले तत्कालका लागि खानेपानीको सहज आपूर्ति गर्न जिर्ण बनेको पाइपलाईन मर्मत गर्ने कार्यका लागि आर्थिक सहयोग गरेको छ।

संस्थाका कार्यकारी निर्देशक पुजा बादीका अनुसार आधारभूत आवश्यकता मध्यको खानेपानीको चरम संकट देखिएपछि आगलागीको जोखिम र जिर्ण बनेको लाइनका पाइपहरु परिवर्तन गर्न लागिएको बताइन। पानीकै कारण सरसफाईजन्य रोग र संक्रमणबाट बस्तीका नागरिकलाई सुरक्षित बनाउन खानेपानीको पूर्वाधार निर्माणमा सहयोग गरिएको उनले बताइन। उनका अनुसार बादी समुदायको आर्थिक सशक्तिकरणका क्षेत्रमा समेत विभन्न कार्यक्रमहरु संस्थाद्वारा भइरहेको उनले बताइन।

## कर्णाली...

जीवन निर्वाह विशेष भत्ता वितरण गर्न आवश्यक बजेट निकासा गर्ने निर्णय पनि गरेको छ।

निर्णयअनुसार घाइते व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता उपलब्ध गराउन ४ करोड ७४ लाख ७२ हजार रुपैयाँ बराबरको रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित स्थानीय तहहरूलाई अख्तियारी प्रदान गरिने छ। प्रदेश सरकारले उक्त रकम सम्बन्धित स्थानीय तहमार्फत वितरण गरी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई राहत तथा सम्मानस्वरूप जीवन निर्वाहमा सहयोग पुऱ्याउने जनाएको छ।

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।